आज मिति २०८३/०५/१८ गते विहान ८:०० बजे बबई गाँउपालिकाका अध्यक्ष **श्री कुल बहादुर खत्री क्षेत्रीज्यूको** अध्यक्षता एवं तपशिलका सदस्यहरुको उपस्थितिमा बबई गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८३।०८४ को **दोस्रो** बैठक कार्यालयमा बसी देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थितिः**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कुल बहादुर खत्री क्षेत्री | अध्यक्ष | |
| २ | श्री बम कुमारी खड्का | उपाध्यक्ष | |
| ३ | श्री तिलकराम भण्डारी | सदस्य (७ नं. वडा अध्यक्ष (प्रवक्ता) | |
| ४ | श्री प्रेम बहादुर डाँगी | सदस्य (१ नं. वडा अध्यक्ष) | |
| ५ | श्री टेक बहादुर वली | सदस्य (२ नं. वडा अध्यक्ष) | |
| ६ | श्री मान बहादुर के.सी. | सदस्य (३ नं. वडा अध्यक्ष) | |
| ७ | श्री टेक बहादुर वली | सदस्य (४ नं. वडा अध्यक्ष) | |
| ८ | श्री हर्क बहादुर श्रीस मगर | सदस्य (५ नं. वडा अध्यक्ष) | |
| ९ | श्री राजेन्द्र विक्रम शाह | सदस्य (६ नं. वडा अध्यक्ष) | |
| १० | श्री शान्ती परियार | सदस्य (१ नं. वडा सदस्य) | शान्ती |
| ११ | श्री भिमाकुमारी बुढा मगर | सदस्य (४ नं. वडा सदस्य) | |
| १२ | श्री नोखी डाँगी | सदस्य (५ नं. वडा सदस्य) | |
| १३ | श्री सावित्रा सुनार | सदस्य (५ नं. वडा सदस्य) | |
| १४ | श्री नारायण परियार | सदस्य (कार्यापालिका सदस्य) | |
| १५ | श्री मोतिसरा वि.क. | सदस्य (कार्यपालिका सदस्य) | |
| १६ | श्री जोखिम वली | सचिव (प्र.प्र.अ.) | |
| | | **सहयोगी कर्मचारी** | |
| १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | श्री कृष्ण कुमार कँडेल | |
| | कार्यलय सहयोगी | श्री | |
| | | | |

बबई गाउँ कार्यपालिका

मिति २०८३/०५/१८ गतेको गाउँकार्यपालिकाको बैठकमा ववई गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को उपनियम (१) र (३) तथा नियम ८ को उपनियम (३) वमोजिम प्रमुख प्रशासकीय अधिकृतवाट प्रस्तुत गरिएका प्रस्तावहरुः

**मिति २०८३/०५/१८ गते बसेको गाउँ कार्यपालिकाको दोस्रो बैठकका निर्णयहरुका प्रस्तावहरुः**

१. प्रतिनिधि खटाई पठाउने ।

२. DPR गर्ने।

३. आर्थिक सहयोग गर्ने।

४. २०८३/८४ को खरिद योजना स्वीकृत गर्ने।

५. सुधारिएको चुलो कार्यक्रम साझेदारी सम्वन्धमा ।

६. व्यवसाय खारेजी गर्न दस्तुर छुट दिने सम्वन्धमा ।

७. श्रद्धान्जली तथा समवेदना प्रकट गर्ने।

**निर्णय नं.-१**

ववई गाउँपालिका वडा नं. ७ मलई वस्ने मोहन कुमारी वस्नेत समेतले ववई गाउँपालिकाका वडा नं ७ को कार्यालय र वडा अध्यक्ष समेतलाई विपक्षी वनाई श्री दाङ जिल्ला अदालतमा कृते जालसाज भन्ने रिट (नं०83-C4-0006) दायर गरेको मुद्दामा सम्मानित दाङ जिल्ला अदालतवाट जारी भएको म्याद मिति २०८३।०४।२२ गते तामेल भएकोले बवई गाउँपालिका ७ नं वडा कार्यालय समेतको उक्त मुद्दामा श्री दाङ जिल्ला अदालतमा गई प्रतिउत्तर पत्र/लिखित जवाफ समेतका कामकाज गर्न एवं मुद्दा पूर्वक्ष समेतका कामकाज गर्नका लागि यस कार्यालयका प्रशासकीय अधिकृत कृष्ण कुमार कँडेललाई मुद्दाको लिखित जवाफ पेस गर्न प्रतिउत्तर पत्र दर्ता गर्न एवं मुद्दा सम्वन्धी सम्पूर्ण कार्य गर्नका लागि अख्तियारिनामा दिई प्रतिनिधि खटाई पठाउने र उक्त मुद्दाको प्रतिरक्षाका चरणमा लाग्ने खर्च कानून व्यवसायी अधिवक्तालाई नियमानुसार भुक्तानी दिने।

**निर्णय नं.-२**

यस गाउँपालिकाका अन्तर्गतका विभिन्न योजनाहरुको DPR गर्नु पर्ने भएकोले वडा कार्यालयबाट सिफारिस भई आएका योजनाहरुको सम्भाव्यता हेरी वडा कार्यालयबाट प्राप्त योजनाहरु मध्ये उपयुक्त र आवश्यकताको आधारमा DPR गर्नु पर्ने योजनाहरुको छनौट आगामी बैठकबाट निर्णय गर्ने।

**निर्णय नं.-३**

यस गाउँपालिकाबाट चालु आ व २०८३।०८४ मा ५ लाख सम्मका आयोजनाको ल.ई तयार गर्दा कन्टेन्जेन्सी नराख्ने र १० लाख वा १० लाख भन्दा माथिका योजना सवै ठेक्का प्रकृयावाट कार्यन्वयन गराउने।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.-४**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम सार्वजनिक निकायले खरिदको गुरु योजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सोहीबमोजिम बबई गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक खरिद योजना स्वीकृत गर्ने।

**निर्णय नं.-५**

बबई गाउँपालिकाको खर्च शीर्षक २२५२२ विभिन्न संघ सस्थासँग साझेदारीमा विनियोजित वजेट मध्यवाट वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको साझेदारीमा सुधारिएको चुलो खरिद गर्न रु ७ लाख भित्र रहि सम्झौता गर्ने।

**निर्णय नं.-६**

बबई गाउँपालिका वडा नं. ५ निवासी श्री जित ~~बहादुर~~ बहादुर कामीले सञ्चालन गर्दै आएको वलिदप फर्निचर उद्योग व्यवसाय निजको निधन भएको कारण हाल सञ्चालनमा नरहेको हुँदा उक्त व्यवसाय वन्द गर्दा लाग्ने कर छुट दिने ।

**निर्णय नं.-७**

२०८३ भाद्र १० गतेका दिन रसुवामा आएको विनासकारी बाढीले ल्याएको विपदमा परेर यस गाउँपालिकाको वडा नं ७ का डिल्ली बहादुर नेपाली उक्त विपदमा परेर बेपत्ता भएको भनी निजका परिवारका सदस्यले आर्थिक सहयोग गरिपाउँ भनी निवेदन तथा वडा कार्यालयको सिफारिस पत्र समेत प्राप्त भएकोले निजको आर्थिक अवस्था समेत कमजोर भएकाले खोजी कार्यका लागि रु १० हजार उपलब्ध गराउने।

**निर्णय नं.-८**

२०८३ भाद्र १० गतेका दिन अविरल वर्षाका कारण रसुवा जिल्लामा आएको विनाशकारी बाढी र पहिरोमा परी अमूल्य मानवीय क्षति भएको खबरले बबई गाउँपालिका परिवार स्तब्ध र मर्माहत भएको छ। प्राकृतिक विपत्तिको यस दुःखद घडीमा ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरू प्रति बबई गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने। साथै, आफ्ना प्रियजन गुमाएर गहिरो शोकमा डुब्नुभएका सम्पूर्ण शोक-सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित यस महाविपत्तिमा घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै, बेपत्ता हुनुभएका व्यक्तिहरूको खोजी कार्य तथा प्रभावित क्षेत्रमा राहत र पुनःस्थापनाका आवश्यक सहयोग गर्ने।

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका